## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२ साल मंसिर ०१ गते सोमवार बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेस गर्ने मन्त्रालय | निर्णयको बेहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | (क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको सङ्गठन संरचना र दरबन्दी प्रस्ताव स्वीकृत गर्ने र उक्त सङ्गठन संरचना र दरबन्दी प्रस्ताव मिति २०८२/०८/१५ गते देखि लागू गर्ने।<br>(ख) कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्वीकृत दरबन्दी बमोजिमको तलब भत्ता लगायतको प्रशासनिक खर्च व्यवस्थापन आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची- १ र अनुसूची-२ हेरफेर गरी सो को सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नवौं तह (उपसचिव) श्री सुरेन्द्र बहादुर शाहीलाई बढीमा ६महिनासम्मका लागि कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको पदमा कामकाज गर्न खटाउने। |
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ को दफा ८ को उपदफा (१) बमोजिम कर्णाली प्रदेश सरकारको वार्षिक क्रियाकलाप संकेत नं. ७.१.१.१ मा सहिद स्मृति भत्ता वितरणका लागि रु २,५५,७२,०००/- र ७.१.१.२ मा जीवन निर्वाह विशेष भत्ता वितरण का लागि रु २,२९,८०,०००/- गरी कुल जम्मा रकम रु. ४,८५,५२,०००/- बराबरको अख्तियारी दिन आवश्यक भएकोले आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत सम्बन्धित स्थानीय तहमा अख्तियारी पठाउन स्वीकृति दिने। |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | "कर्णाली प्रदेश खर्च मापदण्ड, २०८२" स्वीकृत गर्ने। |
| ६. | सामाजिक विकास मन्त्रालय | "कर्णाली प्रदेशको बाल विवाह अन्त्य सम्बन्धी रणनीति, २०८२" स्वीकृत गर्ने। |